# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग नेपाल च्याम्बर अफ कमर्शका अध्यक्ष सुरेन्द्रवीर मालाकारको नेतृत्वमा आएको उद्यमी तथा व्यापारीहरूको प्रतिनिधि मण्डलले भदौ २७ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेट गऱ्यो ।



भेटमा अध्यक्ष मालाकारले देश जटिल राजनैतिक तरलताको अवस्थाबाट गुज्रिरहेको अवस्थामा सम्पत्ति शुद्धीकरण निवारण ऐन कार्यान्वयन गर्दा व्यावसायिक क्षेत्रमा एक प्रकारको अन्यौल सिर्जना हुन पुगेकोले यस्ता व्यावहारिक कठिनाई समाधान गरेर मात्र ऐन पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा गभर्नर डा. खतिवडाले सम्पत्ति शुद्धीकरण निवारण ऐनको कार्यान्वयन र वित्तीय जानकारी इकाई (FIU) को गतिविधि व्यावसायिक जगतलाई आतङ्कित गर्न नभई कानूनको पालना गर्नुपर्ने वाध्यात्मक व्यवस्थाको रुपमा रहेको बताउनुभयो ।

प्रतिनिधि मण्डलको विद्यमान सम्पत्ति शुद्धीकरण निवारण ऐन र आयकर ऐनबीच रहेको कानूनी द्विविधा हल गर्ने विषयमा एक उच्च स्तरीय संयन्त्र आवश्यक रहेको धारणाका सम्बन्धमा डेपुटी गभर्नर वीरविक्रम रायमाझीले सम्पत्ति शुद्धीकरण निवारणका लागि अर्थसचिवको अध्यक्षतामा राष्ट्रिय स्तरको समन्वय समिति गठन भइसकेकोले यसै मार्फत व्यवसायीहरुको समस्या हल गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

सोही क्रममा FIU का प्रमुख धर्मराज सापकोटाले रु दश लाखदेखि माथिको नगद कारोबारको आयस्रोत खोल्नुपर्ने व्यवस्था रहे पनि शंकास्पद कारोबारको हकमा सो भन्दा कम रकमको पनि छानविन हुनसक्ने सम्पत्ति शुद्धीकरण निवारण ऐनको मूल मर्म भएको जानकारी दिनुभयो । साथै, उहाँले अन्तर्राष्ट्रिय जगतलाई नेपालको वित्तीय तथा व्यावसायिक कारोबार पारदर्शी र सुरक्षित छ भनेर आश्वस्त तुल्याउन सम्पत्ति शुद्धीकरण निवारण ऐन लगायतका कानूनी व्यवस्था गर्नुपरेको बताउनुभयो ।

गभर्नरको कार्यालय